# जिल्ला समन्वय समितिको कार्यालय

## बर्दिया

### जिल्ला समन्वय समितिको कार्यालय बर्दियाको परिसरमा रहेका आँप फलको ठेक्का सम्बन्धी सुचना ( सुचना प्रकाशित मिति २०८२।११।२७)

जिल्ला समन्वय समितिको कार्यालय परिसरमा रहेका आँपको फल बढाबढ प्रक्रियाबाट भाडामा लगाउनुपर्ने भएकाले देहायका शर्तहरु पूरा अन्तरगत गरी सिलबन्दी दररेट पेश गर्न हुन १५ दिने सुचना प्रकाशन गरिएको छ ।

१.~~भाडा~~ ठेक्का बढाबढ प्रक्रियामा भाग लिन इच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र,स्थायी लेखा नम्बर वा मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

२.सिलबन्दी दरभाउपत्र फारामको रकम यस कार्यालयको नाममा राजस्व खाता नं.१०००१००२०००१००००, कार्यालय कोड ३६५००५८०१ राजस्व शीर्षक १४२२९ मा रु १०००/- जम्मा बैंक भौचर पेश गरी यस कार्यालयबाट मिति २०८२।११।२७ गते प्रकाशित सुचना अनुसार १५ दिन भित्र सिलबन्दी दरभाउपत्र फाराम खरिद गरि सक्नु पर्नेछ ।

३.सिलबन्दी दरभाउपत्र साथ कबोल गरेको अंकको ५% ले हुने धरौटी रकम रा.बा. बैंक गुलरीयामा रहेको श्री कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल धरौटी खाता नं.४१४०१००१०२०३०००० मा जम्मा गरेको सक्कलै भौचर संलग्न हुनुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र फाराम मिति २०८२।१२।१२ गते दिउँसो १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । म्याद भित्र दर्ता हुन नआएका सिलबन्दी दरभाउपत्र मान्य हुने छैन । सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे खोलिने छ । सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सम्म म्याद मानिने छ।

५. सिलबन्दी दरभाउपत्र विभिन्न कार्यालयका प्रतिनिधि ठेकेदार वा ठेकेदारको प्रतिनिधिको रोहबरमा खोलिने छ । ठेकेदार वा ठेकेदारको प्रतिनिधि उक्त समयमा उपस्थिती नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. नेपाल सरकारबाट लिइने आयकर एवं अन्य प्रचलित कानुनले ब्यवस्था गरेको करहरु स्वयं ठेकेदारले ब्यहोर्नुपर्नेछ।

७. ठेकेदारले कबोल गरेको अंकको रकमको एक आर्थिक वर्षको पर्न आउने रकम सम्झौतापत्र / कार्यदिश लिंदा यस कार्यालयको राजस्व खातामा दाखिला गर्नुपर्ने छ ।

८.ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार जिल्ला समन्वय समितिको कार्यालय बर्दियामा सुरक्षित रहने छ ।अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन बमोजिम हुनेछ।

..............................

जिल्ला समन्वय अधिकारी

CamScanner